# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, माघ ९ गते २०५४ साल (अतिरिक्ताङ्क ५२ (ग्र)


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

खण्ड ४५, अतिरिक्ताङ्क ४६ (घ), मिति २०५२।११।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम संवैधानिक अंगका पदाधिकारीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्य एवं श्री ५ को सरकारका विशिष्ट श्रेणीका कर्मचारीहरूलाई र खण्ड ४६, संख्या ७, मिति २०५३।२।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ६ बमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरूलाई सवारी साधन झिकाउन दिइएको महसूल कर छूटसम्बन्धी सुविधाका सम्बन्धमा देहाय बमोजिम गर्ने गरी श्री ५ को सरकार (म. प.) बाट मिति २०५४।१०।९ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. उपर्युक्त निर्णयहरू अनुसार भन्सार र बिक्रीकरसमेत गरी जम्मा तिर्नुपर्ने रकममा तोकिएबमोजिम छूट दिइएकोमा अब भन्सार महसूलमा मात्र उक्त छूट सुविधा दिने तथा मूल्य अभिवृद्धि कर छूट नदिने ।

२. उपर्युक्त बमोजिमको छूट सुविधाहरू आफ्नो पदमा रहँदा प्रतीतपत्र खोली रुकेको तर सवारी साधन आईपुग्दा पदमा बहाल नरहेको अवस्थामा पनि पाउने र त्यस्तो सुविधा २०५५ साल आषाढ मसान्तसम्म पैठारी भई सक्ने सवारी साधनहरूको हकमा मात्र लागू हुनेछ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

9282

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9288